# प्रदेश लोक सेवा आयोग ऐन,२०७६

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

# प्रदेश लोक सेवा आयोग ऐन,२०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०४।२६

२०७६ सालको ऐन नं ०४

**प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन**

**प्रस्तावना:** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद –१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन,२०७६" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले प्रचलित कानून बमोजिम प्रदेश तथा स्थानीय तहको कुनै पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ ।

(घ) "प्रदेशको अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन भएका प्रदेश सरकारका अन्य सरकारी सेवा सम्झनु पर्छ ।

(ङ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेशको अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ ।

(छ) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानून बमोजिम गठित प्रदेश प्रहरी सेवालाई सम्झनु पर्छ ।

(ज) "प्रदेश सङ्गठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(झ) "पदपूर्ति" भन्नाले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको रिक्त पदमा खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा गरिने पदपूर्ति सम्झनु पर्छ ।

(ञ) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सेवा सम्झनु पर्छ ।

(ण) "स्थानीय सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद –२

## आयोगको गठन, काम, कर्तव्य र अधिकार

३. **आयोगको गठन**: (१) प्रदेश लोक सेवा आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् ।

(२) आयोगका अध्यक्ष वा सदस्यमध्ये कम्तीमा एकजना महिला हुनुपर्नेछ।

(३) आयोगको अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः

(क) मुख्यमन्त्री – अध्यक्ष

(ख) प्रदेश सभाको सभामुख – सदस्य

(ग) प्रदेश सभाको विपक्षी दलको नेता – सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिको सिफारिस गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(५) आयोगका सदस्यहरु मध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनेछन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(६) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः–

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको

(७) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्त गर्नेछ।

(८) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

(९) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

४. **<u>पद रिक्त हुने आधारः</u>** (१) देहायको कुनै अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः–

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसट्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा दफा ३ को उपदफा (३) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा, वा

(ङ) निजको मृत्यु भएमा।

(२) संविधान र प्रचलित कानूनको गम्भीर उल्लङघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम आरोपको प्रस्ताव पेश भई दर्ता भएमा त्यस्तो प्रस्तावमा उल्लिखित आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न प्रदेश सभामा एक छानबिन समिति गठन गरिनेछ।

(४) उपदफा (३) बमोजिमको समितिमा प्रदेश सभाका सात जना सदस्य रहनेछन।

(५) उपदफा (३) बमोजिमको समितिले पदमुक्त गर्ने भनी सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा पेश गरेमा र प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदमुक्त हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

(६) उपदफा (२) बमोजिमको आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्त वा मनोनयन हुन सक्नेछैन।

(८) उपदफा (२) बमोजिमको आरोप छानबिन सम्बन्धी अन्य व्यवस्था प्रदेश सभाको कार्यसञ्चालन नियमावली बमोजिम हुनेछ।

५. **<u>पुनः नियुक्तिः</u>** (१) अध्यक्ष र सदस्यको पुनः नियुक्ति हुन सक्नेछैन र निज कुनै पनि सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्नेछन्ः-

(क) संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त हुन,

(ख) सदस्य अध्यक्षको पदमा नियुक्त हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त हुन ।

(३) सदस्य अध्यक्षको पदमा नियुक्त हुने भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ।

६. **<u>सदस्यको पारिश्रमिक र सेवाका शर्तः</u>** (१) अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश कानून बमोजिम हुनेछ। अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विशृंखलता वा प्राकृतिक विपद् वा महामारीको कारणले सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको कानून बनी लागु नभएसम्मका लागि अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

७. **<u>आयोगको कार्यालयको स्थापनाः</u>** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि प्रदेशमा एक प्रदेशस्तरीय कार्यालय रहनेछ र आयोगले आवश्यकता अनुसार अन्य स्थानमा शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रदेशस्तरीय कार्यालयको मुकाम पोखरामा रहनेछ।

(३) आयोगको सङ्गठन संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

८. **<u>आयोगको बैठकः</u>**(१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सबै काम आयोगको बैठकबाट निर्णय भए बमोजिम हुनेछ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) आयोगको सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

(४) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **<u>आयोगको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ ।

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः–

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(६) आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार तोके बमोजिमको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरुको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **<u>कार्य विभाजनः</u>** अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

११. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने छ ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई प्रदेश सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगसँग परामर्श गर्नेछ ।

(३) आयोगको दरबन्दी स्वीकृत नभएसम्म प्रदेश सरकारले आयोगमा आवश्यक कर्मचारी कामकाज गर्न खटाउनेछ ।

१२. **<u>दक्ष वा विशेषज्ञको सेवा लिन सक्नेः</u>** (१) आयोगले संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने कामको लागि दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट अध्यक्षले गर्नेछ र त्यस्तो सेवा लिए बापत सम्बन्धित दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायलाई आयोगले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा दिइनेछ ।

(३) आयोगको काममा सहयोग गर्ने दक्ष वा विशेषज्ञले अनिवार्य रुपमा पालना गर्नु पर्ने आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

१३. **<u>सम्पर्क राख्न र राय लिन सक्नेः</u>** (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा प्रदेश सरकारको कुनै मन्त्रालय, कार्यालय वा स्थानीय तह वा सङ्गठित संस्थासँग सोझै सम्पर्क राख्न, सरसल्लाह गर्न वा राय लिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने आयोगसँग सम्बन्धित कुनै विषयमा सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

(३) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित संवैधानिक तथा कानूनी प्रश्नको सम्बन्धमा कुनै निकाय वा अधिकारीको राय लिन आवश्यक देखेमा प्रदेशको सम्बन्धित सरकारी निकाय वा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।

१४. **प्रतिरक्षा गर्ने:** आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा निवेदन दिन वा मुद्दा चलाउन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न र प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जबाफ वा प्रत्युत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले आवश्यकता र उपयुक्तताको आधारमा मुख्य न्यायाधिवक्ता वा निजको परामर्श लिई अन्य कानून व्यवसायी वा दुवैको सेवा लिन सक्नेछ ।

१५. **आयोगले सुझाव दिन सक्ने:** (१) आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगद्वारा आयोजित गोष्ठी, सेमिनार तथा छलफलबाट प्राप्त निष्कर्षको आधारमा प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्था, स्थानीय सङ्गठित संस्था र प्रदेश प्रहरी सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको सुझावको विवरण आयोगको बार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

१६. **अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्य गर्न सक्ने:** आयोगले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सङ्गठित संस्थाको सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा ती सेवाप्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ ।

१७. **समन्वय र सहयोग:** आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा प्रदेशस्तरीय संस्थाहरुसँग समन्वय गर्न वा त्यस्ता संस्थाहरुसँग आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्नेछ।

१८. **थप सुविधा दिन सक्ने:** आयोगका सदस्य तथा कर्मचारीलाई कार्यालय समयभन्दा बढी समय आयोगको काममा लगाउनु परेमा वा सदस्य तथा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा थप सुविधाको रूपमा आयोगले निर्धारण गरे बमोजिमको रकम तथा खाजा र खाना खर्च समेत दिन सकिनेछ।

परिच्छेद–३

## शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्धारण

१९. **शैक्षिक योग्यताको निर्धारण:** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको खुला प्रतियोगिताबाट पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी प्रचलित कानूनमा निर्धारण भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता निर्धारण गर्नु अघि सेवा, समूह तथा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आयोगको परामर्श लिनु पर्नेछ।

(३) अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह वा उपसमूहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ छैन भन्ने सम्बन्धमा आवश्यकता अनुसार आयोगले निर्णय गरे बमोजिम हुनेछ।

२०. **पाठ्यक्रम र परीक्षण विधि:** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको रिक्त पद

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

पूर्ति गर्नको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तिर्णाङ्क, परीक्षण विधि र तत् सम्बन्धी अन्य व्यवस्था लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा तोकिए बमोजिम हुनेछ।

(२) आयोगले उपदफा (१) बमोजिम लिखित परीक्षाको पाठ्यक्रमको तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोकसेवा आयोगको सहयोग लिन सक्नेछ।

परिच्छेद–४

## पदपूर्ति सम्बन्धी व्यवस्था

२१. **उम्मेदवार छनौट गर्ने तरिकाः** (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछः–

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तर्वार्ता, र

(ग) आयोगले समय समयमा तोकेका अन्य तरिका ।

(२) आयोगले प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्नेछ ।

२२. **परीक्षाको माध्यमः** (१) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम नेपाली भाषा हुनेछ ।

(२) उपदफा (१) मा लेखिएको भाषाका अतिरिक्त अङ्ग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषा समेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

२३. **लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेः** आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

२४. **पदपूर्ति गर्ने तरिकाः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको रिक्त पदको पूर्ति सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम पद सङ्ख्या निर्धारण गरी खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिनेछ।

(२) खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका तथा परीक्षा दस्तुर, दरखास्तको ढाँचा, दरखास्त फाराम दस्तुर र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

२५. **पदपूर्तिको लागि माग गर्नेः** (१)अख्तियारवालाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको रिक्त पद पूर्ति गर्नको लागि तोकिए बमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, तह, पदसङ्ख्या, निर्धारित कार्य विवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आर्थिक वर्षको सुरुमा नै आयोगमा पठाउनु पर्नेछ ।

(२) माग प्राप्त भएपछि आयोगले खुला, बढुवा, खुला अन्तर्गत विभिन्न क्लष्टरको लागि प्रतिशत निर्धारण गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

२६. **पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने:** (१) दफा २४ को उपदफा (१) बमोजिम पद सङ्ख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिने विज्ञापनमा दरखास्त फाराम बुझाउने म्याद, रिक्त पद सङ्ख्या, परीक्षा दस्तुर लगायत तोकिए बमोजिमका अन्य कुराहरु समेत खुलाउनु पर्नेछ ।

२७. **पदपूर्तिको विज्ञापन वा परीक्षा रद्द गर्न सक्ने:** (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगावै अख्तियारवालाले सो विज्ञापन रद्द गरिदिन कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न सक्नेछ।

(२) आयोगले सञ्चालन गरेको परीक्षाको कुनै परीक्षा केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले कारण जनाई सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको परीक्षा आंशिक वा पूर्ण रुपमा रद्द गर्न सक्नेछ।

२८. **परीक्षा दस्तुर फिर्ता दिने:** दफा २७ को उपदफा (१) बमोजिम विज्ञापन रद्द भएमा वा दरखास्त अस्वीकृत भएमा परीक्षा दस्तुर बापत बुझाएको रकम फिर्ता लिनको लागि आयोगले तोकेको अवधिभित्र सम्बन्धित व्यक्तिले निवेदन दिएमा आयोगले त्यस्तो दस्तुर फिर्ता दिनु पर्नेछ ।

२९. **प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन:** (१) आयोगले सञ्चालन गर्ने सबै प्रकारको परीक्षाको लागि आवश्यक पर्ने प्रश्नपत्र निर्माण तथा परिमार्जन ( मोडरेशन ) तोकिए बमोजिम हुनेछ।

(२) पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्न सम्बन्धित पदको कार्य प्रकृति अनुसार आयोगले परीक्षा सञ्चालन गर्नेछ र त्यस्तो परीक्षाको तरिका आयोगले तोके बमोजिम हुनेछ।

३०. **निलम्वन वा निष्काशन गर्न सक्ने:** (१) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा अनियमित काम कारबाही गरेमा वा आयोगले तोकेको शर्तको उल्लंघन गरेमा आयोगले त्यस्तो उम्मेदवारको परीक्षा रद्द गरी त्यसपछि हुने कुनै विज्ञापन बमोजिमको परीक्षामा आयोगले तोकेको अवधिसम्म निजलाई उम्मेदवार हुन नपाउने गरी निलम्वन गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा बाधा पुऱ्याएमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गर्न सक्नेछ र त्यसरी निष्काशन भएमा निजको सो विज्ञापन बमोजिमको सबै विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

३१. **उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्ने:** (१) आयोगद्वारा लिइने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि निष्पक्षता र गोपनीयता कायम गर्न तोकिए बमोजिमको प्रक्रिया अनुसार उत्तरपुस्तिकामा दोहोरो सङ्केत नम्बर राख्नु पर्नेछ ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनको लागि उत्तरपुस्तिकामा तोकिए बमोजिमको बारकोडको प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम उत्तरपुस्तिकामा बारकोडको प्रयोग गरिएकोमा छुट्टै सङ्केत नम्बर प्रयोग गर्नु पर्ने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

३२. **उत्तरपुस्तिका परीक्षण गर्नेः** (१) दफा ३१ बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषयविज्ञ वा दक्षद्वारा उत्तरपुस्तिकाको परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका उत्तर पुस्तिका आयोग वा आयोगले निर्धारण गरेको स्थानमा परीक्षण गराउनुपर्नेछ।

(३) उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्नेः** (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तिर्ण भएका उम्मेदवारहरुमध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको सङ्ख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता लगायत विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ।

३४. **अन्तर्वार्ता समितिको गठनः** (१) उम्मेदवार छनौटको लागि अन्तर्वार्ता लिन आयोगको प्रदेशस्तरीय कार्यालयमा अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा तोकिए बमोजिम अन्तर्वार्ता समिति गठन हुनेछ ।

(२) आयोगको प्रदेशस्तरीय कार्यालय बाहेक अन्य कार्यालयमा हुने अन्तर्वार्ताको लागि अन्तर्वार्ता समिति गठन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठन हुने अन्तर्वार्ता समितिमा समावेशी सहभागिता सुनिश्चत गरिनेछ ।

(४) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **अन्तिम नतिजा प्रकाशन गर्नेः** (१) उम्मेदवारको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, ठेगाना र सिफारिस गरिएको निकाय समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको सङ्ख्यामा बैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्तामा छनौट हुन नसकेका न्यूनतम उत्तिर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरु मध्येबाट अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उम्मेदवारको सूचीबाट अस्थायी नियुक्तिका लागि सिफारिस गर्दा उपदफा (२) बमोजिम बैकल्पिक सूचीमा समावेश भई स्थायी नियुक्ति हुन नसकेका उम्मेदवारहरुलाई पहिलो योग्यताक्रमको सूचीमा समावेश गर्नु पर्नेछ ।

३६. **नियुक्तिको लागि सिफारिस गर्नेः** (१) दफा ३५ को उपदफा (१) बमोजिमको उम्मेदवारलाई आयोगले योग्यताक्रम अनुसार नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएको उम्मेदवारको दफा ४६ को उपदफा (२) बमोजिम नियुक्तिको सिफारिस रद्द भएमा वा तोकिए बमोजिमको अन्य अवस्थामा आयोगले योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(३) उम्मेदवारको नियुक्तिको लागि गरिने सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **प्रारम्भिक परीक्षा:** (१) आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै प्रारम्भिक परीक्षा लिन सक्नेछ।

तर प्रारम्भिक परीक्षा लिन तोकेका पदमध्ये कुनै खास प्रतिस्पर्धाका लागि छुट्याइएको पदहरुमा प्रारम्भिक परीक्षा आवश्यक नपर्ने गरी आयोगले छुट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षाको लागि आवश्यक विवरण खुलाई आयोगले विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षा लिइएकोमा त्यस्तो परीक्षा उत्तीर्ण हुने व्यक्ति मात्र सम्बन्धित सेवा, समूह तथा उपसमूहको खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदको लागि उम्मेदवार हुन सक्नेछ ।

(४) प्रारम्भिक परीक्षामा उत्तीर्ण भएको व्यक्ति सो परीक्षामा उत्तीर्ण भएको मितिले आयोगले तोकेको अवधिसम्म सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम उम्मेदवार हुनको लागि निर्धारित उमेरको हद ननाघ्ने गरी सम्बन्धित सेवा, समूह तथा उपसमूहको खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदको लागि उम्मेदवार हुन सक्नेछ।

(५) प्रारम्भिक परीक्षा दस्तुर र अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ ।

३८. **विद्युतीय माध्यमको प्रयोग:** आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, आदि काममा उपयुक्तताको आधारमा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

३९. **आयोगलाई सहयोग गर्नु पर्ने:** (१) आयोगको परीक्षा सम्बन्धी कार्य सम्पादनका लागि सरकारी कार्यालय, शिक्षण संस्था वा अन्य संस्थाले आयोगको माग बमोजिम कर्मचारी, भवन वा कक्षाकोठा उपलब्ध गराई सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगको काममा संलग्न कर्मचारीको पारिश्रमिक र भवन वा कक्षाकोठा प्रयोग गरेबापतको भाडा रकम आयोगले दिनेछ ।

## परिच्छेद–५

## परामर्श सम्बन्धी कार्यविधि

४०. **आयोगको परामर्श लिदा अपनाउनु पर्ने कार्यविधि:** (१) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिँदा सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा कार्यालय मार्फत परामर्श माग गर्नु पर्नेछ । ती सेवाका शर्त सम्बन्धी कुनै नयाँ कानून बनाउन वा भइरहेको कानूनमा संशोधन गर्नु परेमा सोको कारण र आवश्यक विवरण समेत खुलाई आयोगमा पठाउनु पर्नेछ ।

(२) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाका पदमा शुरु नियुक्ति वा बढुवा नियुक्ति गर्दा र त्यस्तो सेवाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिदा सो सम्बन्धी निर्णय सहित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा कार्यालय मार्फत लिनु पर्नेछ ।

(३) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा गठन गर्न आयोगको परामर्श माग गर्दा सेवा गठनको उद्देश्य, त्यस्तो सेवा अन्तर्गतको समूह वा उपसमूह तथा तह विभाजन, नियुक्ति, बढुवा र सेवाका अन्य शर्तहरू तथा प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा अन्तर्गतका विभिन्न सेवासँग राख्नुपर्ने एकरूपता, समन्वय र सामञ्जस्यका कुराहरू समेत स्पष्ट पारी आयोगमा पठाउनु पर्नेछ।

(४) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया पूरा गरी अभियोग र प्रस्तावित सजायको सम्बन्धमा सम्बन्धित कर्मचारीले पेश गरेको स्पष्टीकरण तथा सबुत प्रमाणलाई मूल्याङ्कन गरी कर्मचारीलाई गर्न खोजिएको सजायको किटानी साथ सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ ।

(५) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा प्रदेशको हकमा प्रदेश सरकार, मन्त्रिपरिषद् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको वा सन्दर्भअनुसार दुवै कार्यपालिकाको निर्णय सहित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले सम्बन्धित उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी अन्य विवरण समेत खुलाई आयोगमा पठाउनु पर्नेछ।

(६) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय वा निकायको निर्णय संलग्न गरी आयोगमा पठाउनु पर्नेछ ।

(७) दफा ९ को उपदफा (३) बमोजिम सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा सोको कारण र आवश्यक विवरण समेत खुलाई सम्बन्धित मन्त्रालय वा निकाय मार्फत आयोगमा पठाउनु पर्नेछ ।

(८) परामर्श लिँदा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **<u>आयोगले परामर्श दिदा अपनाउनु पर्ने कार्यविधिः</u>** (१) दफा ४० को उपदफा (१) बमोजिम आयोगको परामर्श माग भई आएमा प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवालाई सक्षम र प्रभावकारी बनाउन ती सेवाका शर्त सम्बन्धी कानूनमा विभिन्न सेवाका कामको प्रकृति र अवस्था अनुसार फरक गर्नु पर्ने कुरामा फरक गर्ने र एकरुपता ल्याउनु पर्ने कुरामा एकरुपता ल्याउने व्यवस्था समेतको विचार गरी आयोगले परामर्श दिनेछ।

(२) दफा ४० को उपदफा (२) बमोजिम आयोगको परामर्श माग भई आएमा प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा

तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्बन्धमा आयोगबाट निर्धारित सिद्धान्त समेतलाई विचार गरी आयोगले परामर्श दिनेछ।

(३) दफा ४० को उपदफा (३) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले नयाँ गठन गर्नुपर्ने सेवा समूह वा उपसमूहको उद्देश्य, उपयोगिता र महत्वलाई ध्यानमा राखी प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवालाई अझ सक्षम र प्रभावकारी बनाउने कुरालाई समेत विचार गरी परामर्श दिनेछ।

(४) दफा ४० को उपदफा (४) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया पूरा भए नभएको हेरी प्रक्रिया पूरा नभएको अवस्थामा प्रक्रिया पूरा गर्न लगाई आवश्यक भएमा अख्तियारवालासँग अरु थप सबुत प्रमाण समेत बुझी परामर्श दिनेछ ।

(५) दफा ४० को उपदफा (४) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले सेवाको प्रकृति र अवस्था समेतलाई विचार गरी सम्भव भएसम्म समान व्यवस्था लागु हुने गरी आयोगले परामर्श दिनेछ ।

(६) दफा ४० को उपदफा (५) वा (६) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा वा पदको कार्य प्रकृति समेतलाई विचार गरी आयोगले दफा २१ मा उल्लेखित कुनै एक वा एक भन्दा बढी तरिकाद्वारा आवश्यकता अनुसार उम्मेदवारको उपयुक्तताको जाँच गरी परामर्श दिनेछ ।

(७) यस दफा बमोजिम आयोगले परामर्श दिने प्रयोजनको लागि सम्बन्धित विषयका विशेषज्ञसँग राय सुझाव लिन सक्नेछ ।

(८) परामर्श दिँदा अपनाउनु पर्ने अन्य कार्यविधि आयोगले तोके बमोजिम हुनेछ।

४२. **आयोगको परामर्श कार्यान्वयन गर्नेः** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श लिएपछि आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा आयोगले त्यसमा विचार गर्दा पूर्व परामर्शलाई संशोधन गर्न पर्याप्त आधार र औचित्य देखिएमा तत्सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ ।

(३) आयोगले उपलब्ध गराएको विभागीय सजाय सम्बन्धी परामर्श आयोगले तोकेको अवधिभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

४३. **काम कारबाही बदर गर्न सक्नेः** संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारबाही गरेमा आयोगले त्यस्तो काम कारबाही बदर गर्न सक्नेछ ।

परिच्छेद–६

## विविध

४४. **सामान्य सिद्धान्त निर्धारण गर्न सक्नेः** (१) आयोगले प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले निर्धारण गरेको सिद्धान्त प्रकाशन गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) अनुरुपको सामान्य सिद्धान्त निर्धारण गर्दा लोक सेवा आयोगले अवलम्बन गरेको पद्धतीसँग मिल्दो हुनु पर्नेछ ।

४५. **निरीक्षण वा अनुगमन गर्न सक्नेः** (१) प्रदेश सरकारका विभिन्न मन्त्रालय वा कार्यालयले र स्थानीय तहका विभिन्न कार्यालयले नियुक्ति गर्दा सविधान, यो ऐन र अन्य प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त बमोजिम गरेका छन् वा छैनन् भन्ने सम्बन्धमा आयोगले निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) प्रदेश प्रहरी सेवा सञ्चालन गर्ने निकायले सामान्य सिद्धान्तका सम्बन्धमा आयोगबाट प्राप्त परामर्श अनुरुप गरे वा नगरेको सम्बन्धमा आयोगले अनुगमन गर्न वा गराउन सक्नेछ ।

४६. **अनियमित ठहर वा रद्द गर्न सक्नेः** (१) यो ऐन, अन्य प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ति अनियमित ठहर गर्न सक्नेछ ।

(२) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत प्रमाणित भएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त वा परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए सम्बन्धित सेवा शर्त सम्बन्धी कानून बमोजिम आवश्यक कारबाही चलाउन सम्बन्धित निकायमा सिफारिस पठाउन सक्नेछ।

(३) दफा ४५ को उपदफा (२) बमोजिम अनुगमन गर्दा वा गराउँदा सामान्य सिद्धान्तको सम्बन्धमा आयोगको परामर्श अनुरुप गरेको नपाइएमा आयोगले सम्बन्धित निकायलाई त्यस्तो काम कारबाही सच्याउने वा रद्द गर्ने आदेश दिन सक्नेछ ।

४७. **विभागीय कारबाहीको लागि लेखी पठाउनेः** (१) परीक्षाको काममा संलग्न कर्मचारीले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो कर्मचारीलाई तत्काल कामबाट हटाउन वा कसूरको मात्रा अनुसार सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नको लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर आयोगको कर्मचारीको हकमा आयोग आफैले कारबाही गर्न वा कारबाहीको लागि लेखी पठाउन सक्नेछ ।

(२) दफा ४६ को उपदफा (१) बमोजिमको अनियमित काम गर्ने कर्मचारीलाई सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नको लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम आयोगले विभागीय कारबाहीको लागि लेखी पठाएमा आयोगले तोकेको अवधिभित्र अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरी सोको जानकारी यथाशीघ्र आयोगलाई दिनु पर्नेछ ।

४८. **उजूर गर्न सक्ने:**(१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैंतीस दिनभित्र आयोग वा आयोगले तोकेको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

तर त्यस्तो काम कारबाही उपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त आदेश दिन सक्नेछ र सो उजुरी बमोजिम छानबिन गर्दा कारबाही गर्नु नपर्ने देखिएमा त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ।

४९. **लिखतको गोपनीयता:** (१) आयोगको परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सक्नेछ ।

५०. **वार्षिक प्रतिवेदन:** (१) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले सामान्यतया पैंतालीस दिनभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत प्रदेश सभा समक्ष पेश गर्न लगाउनेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु तोकिए बमोजिम हुनेछ ।

५१. **पुरस्कार दिन सक्ने:** (१) आयोग वा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुबाट प्रत्येक बर्ष उत्कृष्ट काम गर्ने एक जना कर्मचारीको छनौट गरी आयोगले तोके बमोजिमको नगद पुरस्कार दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि उत्कृष्ट काम गर्ने कर्मचारी छनौट गर्ने कार्यविधि आयोगले तोके बमोजिम हुनेछ ।

५२. **दस्तुर र शुल्क तोक्न सक्ने:** यस ऐनमा अन्यथा उल्लेख गरिएकोमा बाहेक आयोगको काम कारबाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ ।

५३. **प्रतिकुल असर नपार्ने:** यस ऐनमा लेखिएको कुनै कुराले प्रदेश न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने विषयमा कुनै असर पार्ने छैन।

५४. **आयोगका सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्ने:** (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवार छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) विपरीत हुने गरी आयोगले गरेको काम, कारबाही स्वतः बदर भएको मानिनेछ ।

५५. **असल नियतले गरेको काम कारबाहीको बचाउ:** आयोगले वा आयोगको अध्यक्ष वा कुनै सदस्यले वा कुनै कर्मचारीले संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलाइने छैन ।

५६. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

५७. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न आयोगसँग परामर्श गरी प्रदेश सरकारले नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

५८. **निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** आयोगले आफूले सम्पादन गर्नु पर्ने काम सुचारु रुपले सञ्चालन गर्ने गराउने प्रयोजनको लागि यो ऐन र यो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

५९. **बाधा अड्काउ फुकाउने:** यो ऐन कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यो ऐनको भावनाको प्रतिकूल नहुने गरी आयोगसँग परामर्श गरी प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची

(दफा ३ को उपदफा (८) सँग सम्बन्धित)

**शपथ**

म ……………….. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु / ईश्वरको/ देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष / सदस्य पदको काम काज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई ईमान्दारीताकासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः ……………………..

हस्ताक्षर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश